जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३९ अंक २३ २०७७ साल पुस १९ गते आइतवार (3 Jan 2021 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिवाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा :** संसद विघटन बिरुद्ध नेकपा ... **पृष्ठ ३ मा :** लागुऔषध र एचआइभीको ... **पृष्ठ ४ मा :** किसानलाई प्रोत्साहन गर्न प्रदेश ... **पृष्ठ ५ मा :** सप्तरीका आइसोलेशन तथा...

# चट्याङ लागेर मृत्यु भएका चारै जनाका परिवारजनलाई प्रदेश सरकारको सहयोग

## स्वास्थ्य जाँचमा सहयोग पुग्ने उद्देश्यले विद्यालयलाई थर्मलगन प्रदान




**राजविराज**/चट्याङ लागेर गत असार १५ गते एकै दिन मृत्यु भएका चारै जनाका परिवारजनलाई शनिबार प्रदेश २ सरकारले आर्थिक सहयोग प्रदान गरेको छ ।

प्रदेश २ सरकारका भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले राजविराजस्थित आफ्नै सम्पर्क कार्यालयमा एक कार्यक्रमबीच मृतक चारै जनाका परिवारजनलाई राहत स्वरुप एक/एक लाखको चेक हस्तान्तरण गरेका हुन् ।

चट्याङ लागेर गत असार १५ गते एकै दिन सप्तरीको महदेवा गाउँपालिकाका नकछेदी ठाकुर, बेचन यादव, राजगढ गाउँपालिकाका केसीलाल साह र डाक्नेश्वरी नगरपालिकाकी ललिता देवी यादवको मृत्यु भएको थियो ।

मन्त्री साहले नकछेदीकी पत्नी बिणा, बेचनकी पत्नी रुबी, केसीलालकी पत्नी शिवकुमारी र ललितादेखीका छोरा बिषणप्रसादलाई सो आर्थिक राहत प्रदान गरे ।

चट्याङ जस्तो प्रकोपमा परेर मृत्यु भएकाको परिवारलाई प्रदेश सरकारका तर्फबाट जिविकोपार्जन स्वरुप सानै रकम भएपनि सहयोग गरेको बताए ।

यता मृतकका परिवारजनले प्रदेश सरकारबाट उपलब्ध गराइएको सहयोग रकमबाट आफूहरुको जिवनयापनमा सहज हुने भन्दै खुशी व्यक्त गरेका छन् ।

यस्तै सोही अवसरमा मन्त्री साहले आफ्नो निर्वाचन क्षेत्रमा पर्ने सबै सरकारी विद्यालयलाई एक/एक थान थर्मलगन समेत उपलब्ध गराएका छन् ।

कोरोनाको जोखीम कायमै रहेकाले विद्यालयमा आउने बालबालिकालाई स्वास्थ्य जाँचमा सहयोग पुगोस भन्ने सोचका साथ सानो सहयोग स्वरुप एक एक थान थर्मलगन बितरण समेत गरिएको मन्त्री साहले बताए ।

मृतकका परिवारलाई रकम तथा विद्यालयलाई थर्मलगन बितरणका अवसरमा प्रदेशसभा सदस्यद्वय नेत्रविक्रम साह र विदेश्वर यादव बिक्की समेत उपस्थिति रहेको थियो ।

# दुई सय परिवारलाई राहत प्रदान




**राजविराज**/इस्लामिक विकास बैंकको सहयोगमा दुई सय जना असहाय, विपन्न तथा अपाङगता भएका ब्यक्तिलाई राहत सामाग्रि बितरण गरिएको छ ।

मुद्दि मोहरम स्मृती कल्याणकारी प्रतिष्ठानले साउदी अरबस्थित इस्लामिक विकास बैंकको सहयोगमा सो राहत बितरण गरेको हो ।

पहिलो चरणमा २ सय असहाय तथा विपन्नलाई २५ किलो चामल, १० किलो दाल, १० किलो आलु, ५ लिटर खाने तेल, ३ किलो प्याजका साथै सेनिटाइजर, माक्स र साबुन लगायतका सामाग्रि बितरण गरेको प्रतिष्ठानका अध्यक्ष

*बाँकी पाँच पृष्ठमा*

# सडक जिवन बिताइरहेका ४० व्यक्तिको उद्दार



**राजविराज**/सडक जिवन बिताइरहेका सप्तरीका ४० जना सडक मानवको उद्दार गरिएको छ ।

राजविराज नगरपालिका, रुपनी गाउँपालिका, इन्सेक प्रतिनिधि मनोहर पोखरेललगायतको सहयोगमा उद्दार गरिएका सहयोगापेक्षी सडक आश्रित मानवलाई संरक्षणका लागि बिरगंज र हरिवनस्थित मानवसेवा आश्रम पठाइएको छ ।

सडक मानवको राष्ट्रिय उद्दार कार्यक्रम अन्तरगत मानव सेवा आश्रम हेटौंडाको टोलीले १२ महिला र २८ पुरुष गरि ४० जना सडक मानवको उद्दार गरिएको सचिव सुमन बर्तोलाले बताउँदै उद्दार गरिएका सडक आश्रित मानव मध्ये १४ वर्षदेखी ८० वर्षसम्मका जेष्ठ नागरिकहरु रहेको जानकारी पनि दिए ।

उद्दार गरिएका नागरिकहरुलाई केही बेर राजविराज नगरपालिकाको प्राङ्गणमा जम्मा गरि आश्रमका स्वयमसेवकहरुले सरसफाई र स्वास्थ्य परिक्षण गरेका थिए भने राजविराज नगरपालिकाले खानाको ब्यवस्था मिलाएको थियो ।

सो अवसरमा राजविराज नगरपालिकाका प्रमुख शम्भु यादव, नागरिक संजालका अध्यक्ष थानसिंह भंसाली, इन्सेक प्रतिनिधि

*बाँकी पाँच पृष्ठमा*



## सम्पादकीय

### स्वास्थ्य सम्बन्धी निर्देशनलाई निरन्तरता दिनु आवश्यक

कोरोना माहामारीका बेला रोग नियन्त्रण तथा रोकथामका लागि सप्तरीको बसै स्थानिय तहमा क्वारेन्टाइन तथा आइसोलेनश केन्द्र निर्माण गरिएको थियो । तर, अहिले ती सबै खाली अवस्थामा रहेका छन् । हुन त जिल्लामा केही संक्रमितहरु छन् । तर, ती सबै होमआइसोलेशनमा बसेका छन् । गत चैत महिनादेखी नेपालमा पनि कोरोना संक्रमणको नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले लकडाउन गरिएको थियो । सोही बेला जिल्ला जिल्लामा स्थानिय तहरुले क्वारेन्टाइन र आइसोलेशन केन्द्र निर्माण गरेका थिए ।

क्वारेन्टाइन केन्द्रमा बाहिरी स्थानबाट आएकाहरुलाई १४ दिन राख्ने कार्य तथा परिक्षणबाट देखिने संक्रमित ब्यक्तिलाई आइसोलेशन केन्द्रमा उपचारका लागि पठाइन्थ्यो । तर, अहिले कोरोनाको चेकजाँच न्युन मात्रामा भइरहेको छ । जसले गर्दा मानिसहरु भयमुक्त देखिन्छन् । यद्दपी अहिले पनि कोरोना संक्रमणको खतरा कायमै रहेको छ । यस्तो बेलामा कसैले हेलचक्राई गर्नुहुँदैन् ।

तसर्थ महामारीको त्रास कायमै रहेको बेला कुनै पनि व्यक्तिले यसलाई हलुको रुपमा नलिईकन सतर्कता अपनाउनु अत्यन्त जरुरी छ। यसका लागि सबैले लकडाउनका बेला पालना गरेका स्वास्थ्य सम्बन्धी निर्देशनलाई निरन्तरता दिनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# संसद विघटन बिरुद्ध नेकपा र काँग्रेसको छुट्टाछुट्टै प्रदर्शन






**राजविराज**/सत्तारुढ दल नेकपा दाहाल नेपाल समूह तथा प्रमुख प्रतिपक्षि दल नेपाली काँग्रेसले प्रतिनिधीसभा विघटन बिरुद्ध छुट्टाछुट्टै प्रदर्शन गरेका छन् ।

संसद विघटनको बिरोधमा मंगलबार नेकपा दाहाल नेपाल समूहले राजविराजमा बृहत प्रदर्शन गरेको हो ।

पार्टी कार्यालय मदननगरबाट निस्केको बिरोध जुलुसका सहभागिहरुले प्रतिनिधिसभा विघटन गर्ने राष्ट्रपति र प्रधानमन्त्रीको कदम फिर्ता लिन माग गरेका छन् ।

यसअघि चरणबद्ध सडक संघर्षको घोषणा गरेको दाहाल नेपाल समूहले सोमबार राजविराजमा मसाल जुलुस प्रदर्शन गरेको थियो ।

सो जुलुस बजार परिक्रमा पश्चात् स्थानिय नेता चौकमा आयोजित बिरोध सभालाई जिल्ला अध्यक्ष अशोककुमार मण्डल, प्रदेश सहइन्चार्ज महेन्द्र पासवान, जिल्ला इन्चार्ज रामप्रित पासवान, प्रदेशसभा सदस्यद्वय गोबिन्द न्यौपाने, रुबी कर्ण, पूर्वमन्त्री उमेश यादव, प्रदेश कमिटि सदस्य महेश यादव लगायतले सम्बोधन गर्दै प्रतिनिधिसभा विघटनलाई असंबैधानिक भन्दै त्यस बिरुद्ध कानुनी र राजनीतिक लडाई सँगसँगै अघि बढाउने उद्घोष गरेका थिए ।

यस्तै सोमबार नेपाली काँग्रेस सप्तरीले सबै निर्वाचन क्षेत्रमा बिरोध प्रदर्शन गरेको छ । संसद विघटनको निर्णय असंबैधानिक र अलोकतान्त्रिक भएको भन्दै सो कदम फिर्ता लिन प्रदर्शनका क्रममा माग गरिएको छ ।

नगरपरिक्रमा पश्चात् आयोजित बिरोधसभालाई क्षेत्रिय सभापति महानन्द यादव, काँग्रेस सप्तरीका सचिव रामकुमार यादव, प्रदेशसभा सदस्य गिता यादव, राजविराज नगर सभापति शम्भुलाल देव लगायतले सम्बोधन गर्दै केपी ओली नेतृत्वको सरकारले एकपछि अर्को असंबैधानिक कदम चालेर लोकतन्त्र र प्रजातन्त्र नै सिध्याउन लागेको भन्दै सरकार बिरुद्ध अन्तिम लडाई लड्ने चेतावनी दिएका थिए ।

यस्तै जिल्लाको निर्वाचन क्षेत्र

*बाँकी पाँच पृष्ठमा*

**खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध**

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# लागुऔषध र एचआइभीको सम्बन्ध



श्रीजत दाहाल

आजभन्दा १५ वर्षअघि सुईको माध्यमबाट लागुऔषध प्रयोग गर्नेहरुको संख्या ह्वात्तै बढ्यो । प्रयोगकर्ताले साझा सुईबाट लागुऔषध प्रयोग गर्नाले एचाआइभीको जोखिम पनि बढ्दै गयो । देशका विभिन्न जिल्लमा लागुऔषध प्रयोगकर्ताको संख्या बढ्दै गएकाले यसबाट हुने क्षति नियन्त्रण गर्न 'क्षति न्यूनीकरण कार्यक्रम' सञ्चालन गरिँदै आएको छ .

यो कार्यक्रम नेपालका पूर्वोत्तर जिल्ला झापा, मोरङ र सुनसरीका अलावा काठमाडौं, ललितपुर, भक्तपुर, बारा, पर्सा जस्ता धेरै लागुऔषधको कारोबार हुने जिल्लामा सञ्चालन हुँदै आएको छ । ग्लोबल फन्डको सहयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र गृह मन्त्रालयको सहकार्यमा लागुऔषध प्रयोगकर्ताका लागि ओएसटी कार्यक्रम अन्तर्गत मेथाडोन, बुफिनोफिन जस्ता औषधि निःशुल्क उपलब्ध गराइन्छ । यसले गर्दा पनि साझा सुईको प्रयोग तथा सुईबाट लागुऔषधको प्रयोग गरेको पाइन्छ ।

सुईबाट लागुऔषधि लिनेको संख्या घट्दो छ । तर मुखबाट लागुऔषध सेवन गर्नेको संख्या भने बढ्दो छ । खुला सिमानाका कारण पूर्वी नेपालमा लागु औषध प्रयोगकर्ताहरुको संख्या बढ्दो देखिन्छ । प्रयोग मात्र नभई यसको कारोबार पनि बढेको छ ।

कोरोनाको कहरमा भारततर्फको नाका बन्द भए पनि लागुऔषध कारोबार भने बन्द भएन । ओसारपोसारको कार्य अहिले पनि निरन्तर नै छ ।

**सुधार केन्द्रहरुको भूमिका**

धरानमा लागुऔषध प्रयोगकर्ताको संख्या बढेसँगै धरानमा सुधार केन्द्रहरुको पनि स्थापना भयो। यहाँ सबैभन्दा धेरै पहिले किरात याक्थुङ चुम्लुङ पुनर्जीवन केन्द्रले धरानमा सुधार केन्द्रको सुरुवात गऱ्यो ।

२०५२ साल फागुन १५ गतेबाट काठमाडौं उपत्यका बाहिर पहिलो पटक सुधार केन्द्र किरात याक्थुङ चुम्लुङ पुर्नजीवन स्थापना भएको हो । त्यसछि धरानमा आधा दर्जनको हाराहारीमा लागुऔषधको कुलतबाट मुक्त भएर सुध्रिएका युवाहरुको समूह रिकभरिङ नेपाल बन्यो ।

एचआईभी संक्रमितहरुले अधिकारको क्षेत्रमा काम गर्ने संस्था धरान पोजेटिभ ग्रुप, प्रयास महिला समूह लगायतका संघसंस्थाहरुको स्थापना भयो। करिब आधा दर्जन पुनर्स्थापना केन्द्रहरु पनि स्थापना भए ।

यी सुधार गृहहरुले पनि लागुऔषध नियन्त्रण र न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्न सफल भएका छन् । योसँगै ती पुनर्स्थापना केन्द्रहरुले एचआइभी एड्सको बारेमा पनि जनचेतना जगाउने कामहरु गर्दै आएका छन् ।

हाल पनि धरानमा सञ्जिवनी सुधार केन्द्र, नयाँ क्षीतिज सुधार केन्द्र र कियाजु पुनर्जीवन केन्द्रको सुधार केन्द्रसँगै पछिल्लो समय धरानमा स्थापना भएको आसरा सुधार केन्द्र छन् । यी सुधार केन्द्रहरुले पनि लागुऔषध प्रयोग गरिरहेका र लागुऔषधको कुलतमा फसेकाहरुलाई उपचार गरी परिवारमा पुनर्स्थापना गर्ने काम गरिरहेका छन् ।

**एचआइभी/एड्स संक्रमितहरुको मृत्युदर**

हाल एचआइभी संक्रमितहरु अधिकांश लागुऔषध प्रयोगबाट नै संक्रमित भएको पाइन्छ । धेरैजसो सामान्य परिवारका र केही सम्पन्न परिवारका छन् । केही समय यता नेपाली सेना र भारती सेनामा काम गर्नेहरुमा पनि एचआइभी संक्रमण भएको पाइएको छ ।

**सुईबाट लागुऔषधि लिनेको संख्या घट्दो छ । तर मुखबाट लागुऔषध सेवन गर्नेको संख्या भने बढ्दो छ । खुला सिमानाका कारण पूर्वी नेपालमा लागु औषध प्रयोगकर्ताहरुको संख्या बढ्दो देखिन्छ । प्रयोग मात्र नभई यसको कारोबार पनि बढेको छ ।**

सुनसरीमा अधिकांशजसो संक्रमित महिला गृहिणी छन्। उनीहरुलाई श्रीमानबाटै एचआइभी सरेको पाइएको छ । श्रीमान पूर्व लागुऔषध प्रयोगकर्ता रहेको र वर्तमानमा वैदेशिक रोजगारीको सिलसिलामा विदेशबाट फर्किएका पुरुषका श्रीमतीहरुमा एचआइभीको संक्रमण दर उच्च देखिन्छ । जसका कारण नवजात शिशुमा समेत एचआइभी पोजेटिभ देखिएको छ ।

पछिल्लो समय लागुऔषध प्रयोगकर्ताहरुमा एचआइभीको संक्रमण दर उच्च नदेखिए पनि गृहिणी महिलामा भने एचआइभी संक्रमणको दर उच्च रहेको छ । विशेषगरी वैदेशिक रोजगारीमा जाने पुरुष असुरक्षित यौन सम्पर्क गर्ने गरेका कारण उनीहरुमा एचआइभी संक्रमण वृद्धि भएको पाइएको एक अध्ययनले देखाएको छ ।

सुनसरीमा एचआइभी संक्रमितहरुको मृत्युदर भने न्यून पाइएको छ । सुनसरीमा एचआइभी संक्रमितहरुले सहज रुपमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, इनरुवा अस्पतालमा उपचार सुविधा पाउँदै आएका छन् ।

**एचआइभी संक्रमितको उपचार**

एचआइभीकै उपचार हालसम्म पत्ता लागेको छैन। तर उनीहरुमा हुनसक्ने र हुने अन्य रोगहरुको मात्रै उपचार हुने गर्छ । संक्रमितहरुलाई देशभर ग्लोबल फन्डको सहयोगमा निःशुल्क एआरटी औषधि वितरण गरिन्छ। नेपालभर ७७ वटै जिल्लामा एआरटी सेन्टर सञ्चालनमा छन् .

धरानमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, इनरुवा अस्पतालबाट निःशुल्क एआरटी औषधि वितरण गरिन्छ । औषधिले एचआइभी संक्रमितहरुको रोग प्रतिरोधात्मक क्षमताको विकास गर्छ। साथै बिपी प्रतिष्ठानमै सिडिफोर काउन्ट पनि गर्ने गरिन्छ । सिडिफोर काउन्टले संक्रमितहरुको शरीरमा कत्तिको सेलहरु घटिरहेका छन् भनी जाँच गर्दछ । उक्त मेसिन पनि बिग्रिरहने भएकाले सुनसरीका संक्रमितहरुले समस्या झेल्नुपरेको छ .

एचआइभी/एड्सको भाइरस शरीरमा कति छ भनी परीक्षण गर्न भाइरल लोड गरिन्थ्यो र संक्रमितहरुको रगत संकलन गरेर रगतको नमुना काठमाडौं पठाउने गरिन्थ्यो । भाइरल लोडको रगत संकलन पूर्वको कोशी अञ्चल अस्पतालमा मात्र हुन्थ्यो ।

ग्लोबल फन्डको सहयोगमा एक करोडभन्दा बढी रकम पर्ने भाइरल लोड जाँच गर्ने उपकरण कोशी अञ्चल अस्पतालमा ल्याएको एक वर्षपछि सञ्चालनमा आएको छ । उक्त उपकरण सञ्चालन भएपछि एचआइभी संक्रमितले चाँडै रिपोर्ट पाउने र सरल तरिकाले उपचार पाएका छन् ।

यो सुविधा पूर्वमा नहुँदा संक्रमितहरुले ठूलो समस्या झेल्नु परेको थियो । नमुना दिएको एक/दुई महिनापछि मात्र रिपोर्ट आउने गर्दथ्यो । उक्त उपकरणबाटै कोभिडको पिसिआर परीक्षण पनि हुने भएकाले धेरै सहज भएको छ ।

पूर्वमा एचआईभी संक्रमित आमाहरुको पिएमटिसिटी सेवा निकै प्रभावकारी भएको मानिन्छ । काठमाडौं उपत्यका बाहिर धरानको बिपी प्रतिष्ठानमा मात्रै यो सेवा उपलब्ध छ । देशभरिबाट पिएमटिसिटीका लागि संक्रमित आमाहरुलाई प्रतिष्ठान पठाउने गरेको पाइन्छ ।

पिएमटिसिटी सेवा संक्रमित आमाबाट जन्मिने बच्चामा एचआइभी संक्रमणबाट सुरक्षित गराउने उपचार पद्धति हो । यो सँगै संक्रमित आमाबाट जन्मिएको बच्चाको इआइडी टेस्टिङ पनि धरानमै हुन्छ । बिपी प्रतिष्ठान धरान संक्रमितहरुको उपचारका लागि राम्रो सुविधा भएको अस्पतालका रुपमा परिचित छ . (दाहाल किरात याक्थुङ चुम्लुङ पुनर्जीवन केन्द्रमा लागुऔषध कार्यक्रमको वरिष्ठ कार्यक्रम संयोजकको रुपमा कार्यरत छन् ।)

स्वास्थ्य खबरबाट


## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर ११९५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# किसानलाई प्रोत्साहन गर्न प्रदेश सरकारले विभिन्न पसल संचालनमा ल्याउने तयारी : कृषि मन्त्री साह

**राजविराज**/प्रदेश २ का भूमि, ब्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले किसानहरुलाई प्रोत्साहन गर्न प्रदेश सरकारले विभिन्न पसल संचालनमा ल्याउने तयारी गरेको जानकारी दिएका छन् ।

राजविराजमा बिहीबार जिल्ला सहकारी संघ लिमिटेडको १२ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै उनले सो जानकारी दिएका हुन् ।

मन्त्री साहले किसानहरुको उत्पादन सरल र सहज रुपमा बजारसम्म पु¥याउने र प्रदेशका मुख्य सहरहरुमा सहकारी पसल संचालनमा ल्याउने तयारी अन्तिम चरणमा पुगेको बताए । उनले प्रदेशलाई कृषि मार्फत समृद्ध बनाउन प्रदेश स्तरिय एकिकृत योजना अन्तरगत सिरहाको गोलबजारमा प्रदेश स्तरिय सहकारी तालिम केन्द्र, पशुपालन ब्यवसाय तथा श्रोत केन्द्र निर्माणका लागि १ सय ६५ विगहा जग्गा खरीद गरिसकिएको जानकारी पनि दिए ।



प्रदेश २ लाई सहकारी मैत्री प्रदेश बनाउने योजना रहेको बताउँदै मन्त्री साहले ८ वटै जिल्लामा शितभण्डार निर्माण, पावर प्लान्ट निर्माणका साथै दुग्ध उत्पादक सहकारी संस्थामा आवद्ध किसानलाई प्रति लिटर २ रुँपैया अनुदानदेखी कोरोनाको मारमा परेका किसानलाई ४ महिनासम्मको ऋणको ब्याज मिनाहा लगायतका किसान मैत्री कार्यक्रमहरु अघि बढिसकेको जनाए ।

यस्तै सभामा सहकारीको मर्म अनुसार काम नगरेका त्यस्ता सहकारी संस्थाहरुको दर्ता नै खारेज गर्ने गरि योजना बनाएको उनले बताए । प्रदेश २ मा ७ हजार भन्दा बढी रहेका सहकारी संस्थाहरु मध्ये धेरै जसो सहकारीताको मर्म बमोजिम सन्तोषजन ढंगले अझै काम गर्न नसकेको भन्दै उनले उद्देश्य अनुसार काम गर्न दवाव दिने उद्देश्यले पनि यस्तो योजना बनाइएको उल्लेख गरे ।

मन्त्री साहले दर्ता गरेर मात्र बसेका सहकारी संस्थाहरुको संख्या अधिक रहेको भन्दै तथा कमजोर अवस्थामा रहेका सहकारी संस्थालाई मर्ज गर्ने योजना समेत बनाएको जानकारी दिए ।

जिल्ला सहकारी संघका अध्यक्ष बिनोद दत्ताको अध्यक्षतामा आयोजित वार्षिक साधारणसभा उद्घाटन समारोहमा राष्ट्रिय सहकारी संघकी वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्ल, त्रियुगा सहकारी संस्थाका अध्यक्ष शम्भु बहादुर खडका, जसपा प्रदेश २ का सचिव दिनेश यादव, जिल्ला सहकारी संघकी प्रवक्ता माला कर्ण, पत्रकार बैजनाथ झालगायतले पनि बोल्दै कृषि क्षेत्रको विकासका लागि केन्द्र, प्रदेश र स्थानिय गरि तीनै तहका सरकार समन्वय र सहकार्य गरि अघि बढ्नु पर्नेमा जोड दिएका थिए ।

# मधेशको आर्थिक उन्नतिको आधार कृषि



जासर यादव

मधेश समृद्ध होस् भनेर करिब दुई दशक राजनीतिमा सक्रिय थिएँ । म आफ्नो डा.सीके राउतको स्वतन्त्र मधेश गठबन्धनमा लाग्नु पूर्व पनि अन्य राजनीतिक दलमा सक्रिय थिएँ । मधेशमा जब फोरम, तमलोपा लगायतका राजनीतिक दलहरु उदाए उनीहरुले पनि मधेशलाई समृद्ध बनाउने लगायतका नाराहरु नै दिएका थिए । तर वास्तवमा उनीहरुले मधेशको समृद्धिभन्दा पनि व्यक्तिगत स्वार्थ पूर्तिका लागि पसल खोलेको अनुभूति गरें । त्यसैले म राजनीतिमा नलागेर मधेशलाई कसरी समृद्ध बनाउन सकिन्छ भनेर एउटा योजना बनाएँ । मधेश कसरी समृद्ध हुन्छ भनेर त्यतातिर लागें । मधेशले अहिलेसम्म धोका मात्रै पाएको छ ।

आज मधेशका उर्बर भूमि बन्जरमा परिणत भइरहेको छ, यसको मुख्य दोषी को त ? अहिले हामीले मधेशको नाममा राजनीति गर्ने र मत लिनेहरुलाई नै म दोष दिन्छु । अहिले उनीहरुले प्रदेशमा सरकार बनाएका छन्, स्थानीय तहमा प्रतिनिधित्व गरिरहेका छन्, खै त मधेशलाई समृद्ध बनाएको ?

मैले दैनिक रुपमा ४०-५० जनाको हराहारीमा काम दिएको छु । उहाँहरुलाई दैनिक खानामा, दाल, भात, दुई ओटा तरकारी अचारसहितको भोजनको व्यवस्था गरेको छु । यो निमुखा जनताहरु हाम्रै मधेशका दलितहरु हुन् । उहाँहरु मध्ये धेरै जना सुकुम्बासीहरु छन् । उहाँहरुलाई मैले जेष्ठ १५ गतेबाट रोजगारी दिएको छु । आज उहाँहरुको सुखदुःख को साथि मैले नै बनेको छु । वाचा गर्ने नेताहरु त एक चोटि उहाँहरुको घरमा यस्तो कोरोनाको बेलामा पनि अलि राहत त दिए हुन्थ्यो नि । राजनीतिको नाममा जति पनि दलहरु छन् त्यो दल हो कि दलाल हो कुरो बुझ्न नि गाह्रो । आज म एक जना व्यक्तिले दुई सय जनालाई रोजगारी दिने सोचमा छु । म जस्तो १० प्रतिशत युवाले मधेशमा नै रोजगारीको सर्जना गरियो भने के मधेश समृद्ध हुदैन र ? कि राजनीति मात्रै एउटा विकल्प छन् ? राजनीति एउटा गरिखाने भाडो मात्रै हुन् । हामी जस्तो कति युवा विदेशमा छन् त्यो रहरले हैन, बाध्यताले हो । हामी युवाहरु अब आफ्नै माटोमा समृद्धिको फुल फुलाउनु पर्छ ।

मैले तीन वर्षको लक्ष्य लिएको छु । अहिले म रौतहटमा कृषि कर्म गरिरहेको छु र महोत्तरीमा पनि सुरु गर्ने तयारीमा छु । रौतहटमा मैले दुई हजार लोकल हाँस, कुखुरा, माखा पालन, ५० वटा गाई, ५० वटा भैंसी, पाँच बिघामा मेवा, पाँच बिघामा अम्बा, पाँच बिघामा केरा, पाँच बिघामा सुन कागती लगायतको खेती छिट्टै नै सञ्चालन गर्न गइरहेको छु । मसँग अहिले ५० जनाको टिम छ । रौतहटमा सफल भइसकेपछि मैले आफ्नो टिमबाट मधेशका हरेक जिल्लामा पाँच-पाँच जना पठाएर मधेशभरि नै कृषि क्रान्ति ल्याउँछु । अहिले महोत्तरी र रौतहटमा तरकारी खेती, धान लगायत उब्जनी गरिरहेको छ, अब दोस्रो चरणमा फेरि पाँच वटा जिल्लामा सुरु गर्ने योजनामा छु । त्यसपछि तेस्रो चरणमा मधेशका सबै जिल्लामा यस्तै प्रकारका खाद्यान्न उब्जनीका लागि योजनाबद्धरुपले सञ्चालन गर्नेछु ।

किनभने त्यहाँबाट मेरो आम्दानीको स्रोत पनि बढ्छ र बैंकरहरुले पनि पत्याउने आधार हुन्छ । मधेशमा खेती गर्नका लागि सिंचाइको समस्या छैन । आफ्नो लगानीमा गरियो भने बोरिङ्ग, डीप बोरिङ्ग लगाएर गर्न सकिन्छर । मधेशमा जति पनि पानी छन् । *(यादव एमरेष्ट कृषि फर्म प्रालिका अध्यक्ष हुन् ।)) मधेश दर्पण फिचर सेवा*

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# सप्तरीका आइसोलेशन तथा क्वारेन्टाइन केन्द्र खाली

**राजविराज**/कोरोना संक्रमितको उपचारका लागि सप्तरी जिल्लामा निर्माण गरिएको आइसोलेशन तथा क्वारेन्टाइन केन्द्र खाली भएको छ।

जिल्लाको १८ वटा स्थानिय तह मध्ये सबैमा क्वारेन्टाइन र पाँच स्थानिय तहमा आइसोलेशन केन्द्र स्थापना गरिएको थियो। विद्यालयहरुमा बनाइएका क्वारेन्टाइन केन्द्र पठनपाठन सुरु भएपछि बन्द गरिएको छ।

राजविराजस्थित साइकृष्णा मेडिकल कलेज, कंचनरुप, बोदेबरसाइन, खडग नगरपालिका तथा तिलाठी कोइलाडी गाउँपालिका आइसोलेशन केन्द्र संचालनमा रहे पनि ती सबै खाली अवस्थामा छन्।

यसैबीच जिल्लामा हाल १३ जना कोरोना संक्रमति रहेका छन् तर, ती सबै होम आइसोलेशनमा रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

संक्रमितहरुको इच्छा अनुसार स्वास्थ्य मापदण्ड अपनाउने शर्तमा होम आइसोलेशनमा बस्ने व्यवस्था मिलाइएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन्।

जिल्ला स्वास्थ्य प्रमुख यादवका अनुसार जिल्लामा हालसम्म २१ हजार ९८ जनाको स्वाव परिक्षण गरिसकिएको बताए। ती मध्ये १ हजार ८ सय २९ जनामा संक्रमण पुष्टि भएको र बाँकी सबैको रिपोर्ट नेगेटिभ आएको उनको भनाई छ। जिल्लामा हालसम्म कोरोना संक्रमित ४१ जनाको मृत्यु भएको छ।

हाल दैनिक १५ देखी २० जनासम्मको स्वाव परिक्षण भइरहेको र ती मध्ये दैनिक १ देखी ३ जनासम्ममा संक्रमण पुष्टि हुने गरेको उनको भनाई छ।

### सडक जिवन ...

मनोहर पोखरेल, प्रमुख प्रशासकीय अधिकृत मदन थापा र जसपाका केन्द्रिय सदस्य अमरनाथ मण्डललगायतले सडकलाई मानवमुक्त बनाउन र सहयोगापेक्षीको उद्दार गरि संरक्षण गर्ने पवित्र उद्देश्यले अभियान चलाएवापत मानव सेवा आश्रमप्रति धन्यवाद व्यक्त गरे।

सडक मानवको राष्ट्रिय उद्दार कार्यक्रम अन्तरगत गत पुस ७ देखी मेचीबाट सुरु गरिएको अभियान महाकाली पुगेर माघ ७ गते सम्पन्न हुने जनाइएको छ।

### संसद विघटन ...

नं. १ भारदहमा पूर्व गृहराज्य मन्त्री रामकुमार चौधरी, पूर्वमन्त्री हेमराज तातेड तथा क्षेत्रिय सभापति बद्री महात्मानले सम्बोधन गरेका थिए। त्यस्तै क्षेत्र नं. ३ को रुपनीमा काँग्रेस जिल्ला सभापति दिनेश यादव, क्षेत्रिय सभापति रामप्रसाद मण्डल, प्रदेशसभा सदस्य समिमले सम्बोधन गरेका थिए भने क्षेत्र नं. ४ स्थित सुरुङ्गा नगरपालिकाको धातीमा विघठित प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरी, राष्ट्रियसभा सदस्य जितेन्द्र नारायण देव, क्षेत्रिय सभापति किरण भगतलगायतले सम्बोधन गरेका थिए।

### दुई सय ...

हासिम अन्सारीले जानकारी दिएका छन्।

उनले राहत बितरणको कार्यक्रम सफलतापूर्वक सम्पन्न भएपछि राजविराजमा एक सय बेडको अस्पताल निर्माणका लागि इस्लामिक बैंकले सहयोग गर्ने प्रतिबद्धता जनाए अनुसार एक हजार जना कोरोना प्रभावित असहाय तथा विपन्नलाई राहत बितरण गरिरहेको बताए।

त्यस्तै प्रतिष्ठानका उपाध्यक्ष इर्साद अन्सारीले पहिलो चरणमा दुई सय जना असहाय र विपन्नलाई राहत बितरण गरिएको जनाउँदै एक हजार जनाको सूची तयार गरिसकेकाले बाँकी ८ सय गरिब, असहायलाई पनि केही दिनभित्रै राहत बितरण गर्ने तयारी भइरहेको जानकारी समेत दिए।

# ट्याङकरको ठक्करबाट साइकलयात्री किशोरीको मृत्यु

**राजविराज**/सप्तरीको भारदहमा तेल ट्याङकरको ठक्करबाट साइकलमा सवार एक किशोरीको मृत्यु भएको छ।

पूर्वबाट पश्चिम तर्फ जादै गरेको ना.४ख. ३७३३ नम्बरको ट्याङकरले दुध बोकेर बाटो काट्ने क्रममा साइकललाई ठक्कर दिएको थियो।

मृत्यु हुनेमा जिल्लाको तिरहुत गाउँपालिका ३ का देव नारायण दासकी १३ बर्षिया छोरी लक्ष्मी कुमारी रहेको इलाका प्रहरी कार्यालय भारदहले जनाएको छ।

यता ठक्करबाट गम्भिर घाइते भएकी किशोरीको विराट नर्सिङ्ग होम विराटनगरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# मन्त्रीको आफ्नै लगानी कम्बल बितरण

**राजविराज**/प्रदेश २ का भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले आफ्नै लगानीमा सप्तरीको महदेवा गाउँपालिकाका चिसोपीडितलाई कम्बल प्रदान गरेका छन्।

मन्त्री साहले राजविराजमा स्थापना गरेको सम्पर्क कार्यालयमा सो गाउँपालिकाका ६० जना बृद्धबृद्धा, अपाङ्ग, असक्तलाई एक एक थान कम्बल प्रदान गरेका हुन्।

पार्टीको महदेव गाउँपालिका कमिटीले चिसोका कारण समस्यामा परेकाहरुको विवरण उपलब्ध गराएपछि उनीहरुका लागि मन्त्री साहले कम्बल प्रदान गरेका हुन्।

कम्बल बितरण कार्यक्रममा पार्टीका जिल्ला अध्यक्ष केदार यादव, दिनेश यादव, संचारकर्मी श्यामसुन्दर यादव, मनोजकुमार माझी, चन्दन यादवसमेत सहभागि रहेका थिए।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## अन्तर्राष्ट्रिय समाचार

# नयाँ बर्षको पहिलो दिन तीन लाख ७१ हजार शिशुको जन्म

**नोम पेन**/नयाँ वर्ष सन् २०२१ को पहिलो दिन जनवरी १ का दिन संसारभरी तीन लाख ७१ हजार ५०४ जना जन्मिएको युनिसेफले जनाएको छ।

"हजारौं नयाँ सुन्दर बालबालिकालाई स्वागत गर्न पाइएको छ, यसले हामीलाई रोमान्चित बनाएको छ," कम्बोडियाका लागि युनिसेफका प्रतिनिधि फोरुघ फोयौजातले भन्नुभयो।

गत बर्ष सन् २०२० सब}का लागि चुनौतिपूर्ण बर्ष बनेको थियो, त्यसमा पनि बालबालिकाका लागि झनै चुनौतीपूर्ण भएको थियो, तथापि कम्बोडियाले कोरोनाभाइरसको महामारीमा राम्रो व्यवस्थापन गरेको पाइयो।" उहाँद्वारा जारी वक्तव्यमा लेखिएको छ।

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार कोम्बोडियामा यस वर्षको पहिलो दिन ९७१ जना जन्मिएका हुन्।

अरु देशको तुलनामा राम्रो व्यवस्थापन भएको अवस्थालाई निरन्तरता दिन कम्बोडिया सफल हुने पनि उहाँले आशा व्यक्त गर्नुभएको छ।

कम्बोडियामा जन्मिएका बालबालिकाको भविश्य सुनौलो बनाउनका लागि युनिसेफले पनि सक्दो सहयोग गर्ने उहाँले आश्वासन दिनुभयो।

युनिसेफले सन् १९५२ देखि बालबालिकाको अधिकार र कल्याणका लागि कम्बोडियामा समेत काम गरिरहेको वक्तव्य मार्फत जानकारी दिएको छ।

सन् २०२० मा भने युनिसेफले कम्बोडिया सरकार र यसका साझेदारलाई कोरोनाविरुद्ध लड्नका लागि पनि सहयोग गरेको थियो।

विशेष गरेर दुर शिक्षा, विद्यालय सञ्चालन, कोरोनाबाट सुरक्षित गर्न, सफा खानेपानी, पोषिलो खाद्य पदार्थलगायतका क्षेत्रमा सहयोग गरेको हो। एजेन्सी

# बैङ्ककका विद्यालय बन्द गर्न निर्देशन

**बैंकक**/थाइल्याण्डको राजधानी बैङ्ककमा विद्यालय बन्द गर्न शुक्रबार निर्देशन दिइएको छ।

कोरोनाभाइरसको महामारी फेरी बढ्दै जान थालेकाले अनिश्चितकालका लागि विद्यालय बन्द गर्न निर्देशन दिइएको अधिकारीले जनाएका छन्।

विद्यालयसँगै रङ्गशाला, मनोरन्जन केन्द्र, पार्कलगायतका अत्यधिक भीडभाड हुने स्थलमा पनि तत्कालका लागि सेवा बन्द गर्न लगाइएको स्थानीय प्रशासनले बताएको छ।

निर्देशन शनिबारदेखि कार्यान्वयनमा आउने छ भने लामो समय लागु गर्नुपर्ने अवस्था नआउने अधिकारीले विश्वास व्यक्त गरेका छन्।

अर्को सूचना प्रकाशित नभएसम्मका लागि बन्द गर्न निर्देशन दिइएको हो। महामारीको अवस्था हेरेर मात्रै फेरी कहिले खोल्ने भन्ने बारेमा निर्णय हुने उनीहरुले बताएका छन्।

सहरका रेस्टुरेन्टलाई पनि पर्याप्त ठाउँ भएको र सामाजिक दुरी कायम गरेर सेवा दिन सक्ने अवस्थामा मात्रै खोल्न र मागअनुसार मागेकै ठाउँमा लैजानेगरी मात्रै खेल्न सकिने निर्देशनमा उल्लेख छ।

थाइल्याण्डमा शुक्रबार एक दिनमा मात्रै नयाँ २७९ जनामा कोरोनाभाइरसको सङ्क्रमण पुष्टि भएको छ। अधिकांश स्थानीय स्थानान्तरण भएको पाइएको छ भने तीमध्ये दुई जनाको मृत्यु भएको छ। एजेन्सी

# कङ्गोमा २५ आम नागरिकको हत्या

**बेनी**/लोकतान्त्रिक गणतन्त्र कङ्गोमा भएको एक घटनामा परी कम्तीमा २५ सर्वसाधारण मारिएका छन्।

देशको पूर्वीक्षेत्रमा पर्ने तिङवेमा भएको घटनामा उनीहरुको मृत्यु भएको स्थानीय सरकारी अधिकारीले शुक्रबार जानकारी दिएका छन्।

आक्रमणको आरोप एडीएफ नामक लडाकूको समूहलाई लगाइएको छ। तर यसको औपचारिक जिम्मेवारी भने कसैले लिएको छैन।

घटनास्थल इरिन्गोतीदेखि आठ किलोमिटर टाढा पर्दछ। स्थानीय नागरिक अगुवाले भने घटनामा ३० जनाको मृत्यु भएको दावी गरेका छन्।

"सर्वसाधारण मानिस नयाँ बर्ष मनाउन गएको ठाउँमा एडीएफ नामक लडाकू समूहले उनीहरुलाई एक एक गरेर हत्या गरेको हो," एक अधिकारकर्मीले भने।

कंगोमा सन् १९९० को दशकदेखि युगाण्डा मुस्लीम विद्रोही समूहको रुपमा क्रियाशिल रहेको छ। यीनीहरुको विद्रोहका कारण सयौंको मृत्यु भएको छ। एजेन्सी

# विद्यार्थी संगठनले बिथोले राजावादीको कार्यक्रम



**राजविराज**/संयुक्त यूवा विद्यार्थी सप्तरीले राजावदीहरुले गर्न लागेको बृहत प्रदर्शनलाई बिथोलेका छन् भने तुल र ब्यानर जलाइएको छ।

राजासहितको हिन्दु राष्ट्र स्थापनाको माग गर्दै एक महिनादेखी पुस १४ गतेको दिन प्रदर्शनको तयारीमा रहेका राजावदीहरुको कार्यक्रमलाई विद्यार्थीहरुले बिथोलेका हुन्।

नेकपा (प्रचण्ड-माधव समूह) निकट राष्ट्रिय यूवा संघ नेपाल, काँग्रेस निकट नेवि संघ तथा जसपा निकट राष्ट्रिय विद्यार्थी संघमा आवद्ध यूवा विद्यार्थी नेता कार्यकर्ताले राजावादी पक्षधर सप्तरी समाज नामक संस्थाले राजविराजस्थित शिवमन्दिरबाट निकाल्न लागेको प्रदर्शनलाई बिथोलेका छन्।

संयुक्त विद्यार्थी सप्तरीमा आवद्ध राष्ट्रिय विद्यार्थी संघका राष्ट्रिय अध्यक्ष किशोर कुमार यादव, राष्ट्रिय यूवा संघ नेपालका केन्द्रिय सदस्य निरन्जन झा, नेवि संघका जिल्ला अध्यक्ष घनानन्द यादव लगायतको नेतृत्वमा आएका यूवा विद्यार्थीले हस्तक्षेप गरि राजावादी चढेर आएका गाडीका साथै ल्याएको तुल र ब्यानर खोसेर आगो लगाइदिएका थिए।

राजावादीहरुले संविधान बिरोधी काम गरेका कारण आफूहरुले हस्तक्षेप गरेको संयुक्त यूवा विद्यार्थीमा आवद्ध विद्यार्थी नेताहरुले बताएका छन्। संविधानमा राजतन्त्रको व्यवस्था नरहेको र धर्म निरपेक्ष राष्ट्र रहेका कारण आफूहरुले कार्यक्रम बिथोलेको उनीहरुको भनाई छ।

यता राजावादी र हिन्दु राष्ट्रपक्षधर सप्तरी समाजका सल्लाहकार बिनोद कुमार पाण्डेले हस्तक्षेपलाई दुर्भाग्यको संज्ञा दिँदै संविधानमा सबैले आ-आफ्नो विचार राख्न पाउने व्यवस्थाका बाबजुद निरंकुश शैलीमा आफूहरुको कार्यत्तम बिथोलिएको बताएका छन्।

# विद्युत चोरीमा संलग्न ४२ पक्राउ तीन लाख बढी राजश्व असुली

**राजविराज**/हुकिङ गरि विद्युत चोरी गरेका ४२ जनालाई नेपाल विद्युत प्राधिकरण राजविराज बितरण केन्द्रले कारवाही गरेको छ।

विद्युत चोरीमा संलग्न ४२ जनालाई कारवाही गर्नुका साथै लाखौं राजश्व पनि असुली गरिएको छ।

विद्युत चोरी गरेकाहरुबाट ३ लाख २ हजार ५ सय ४९ रुँपैया राजश्व असुली भएको बितरण केन्द्रका प्रमुख आमोद यादवले जानकारी दिएका छन्।

उनका अनुसार विद्युत चोरी नियन्त्रण अभियानलाई तिब्रता दिएको तथा हुकिङ गरि विद्युत चोरी गरिरहेको अवस्थामा विद्युतीय सामाग्रि पनि ठूलो संख्यामा जफत गरेको छ।

प्राधिकरणले कर्मचारी तथा प्रहरीको सहयोगमा गाउँ गाउँमा पुगेर टिभि, फ्रिज, फ्यान, पानी तान्ने मोटर, तार, कटरलगायतका १ सय ४० थान विद्युतीय उपकरण समेत नियन्त्रणमा लिएको छ।



यता विद्युत चोरीमा संलग्नलाई न्यूनतम ३ हजारदेखी विद्युत खपत गरेको युनिटको आधारमा थप जरिवाना गरिएको छ।

समयमै महसुल नबुझाउने १ सय ४० जना ग्राहकको लाइन यसअवधीमा काटिएकोमा १ सय २७ जनाबाट ५७ लाख २४ हजार ८ सय ५३ रुँपैया असुली भइसकेको र अन्य बाँकीबाट पनि प्राप्त हुने क्रम जारि रहेको प्राधिकरणले जनाएको छ। राजविराज बितरण केन्द्र अन्तरगत कुल ५१ हजार ९ सय ८७ ग्राहक रहेको जनाइएको छ।

# फरार प्रतिवादी धमाधम पक्राउ पर्दै, अदालतको आदेशमा कारागार चलान

**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएका प्रतिवादीलाई पक्राउ गर्ने अभियानलाई तिब्रता दिएको छ।

सोही अभियान अन्तरगत प्रहरीले विभिन्न अभियोगका तीन जना प्रतिवादीलाई पक्राउ गरेको छ। पक्राउ गरिएकालाई अदालतसमक्ष बुझाएपछि अदालतको आदेशले उनीहरु कारागार चलान गरिएको छ।

यसैबीच सप्तरी प्रहरीले विगत १७ वर्षदेखी रहजनी चोरी मुद्दामा अदालतबाट कैद सजाय पाई फरार रहेका एक प्रतिवादीलाई पनि पक्राउ गरेको छ।

जिल्लाको कंचनरुप नगरपालिका ५ निवासी ३९ वर्षिय देवकान्त यादव रहजनी मुद्दामा १७ वर्षदेखी फरार रहेकोमा प्रहरीले उनलाई मंगलबार पक्राउ गरेको हो। पक्राउ परेका यादवलाई अदालतले कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्त्रीले जनाएको छ।

बि.स. २०६० असोज २७ गते उक्त मुद्दामा सुनुवाई गर्दै अदालतले यादवलाई २ महिना २४ दिन कैद सजायको फैसला सुनाएको थियो तर सोही समयदेखी उनी फरार थिए। सो फैसलापछि फरार रहेका यादवलाई आफ्नै घरमा लुकेको अवस्थामा प्रहरीले पक्राउ गरि प्रहरीले अदालतसमक्ष उपस्थित गराएको थियो।

यस्तै जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जबरजस्तीकरणी उद्योग मुद्दामा पक्राउ परेका सप्तरीको सुरुङ्गा नगरपालिका ८ बस्ने १८ वर्षिय गुदर राम बुधबार कारागार चलान भएका हुन्।

अघिल्लो दिन पक्राउ परि सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा ३ लाख धरौटी माग हुँदा तिर्न नसकेका रामलाई बुधबार राजविराज कारागर चलान गरिएको छ। यस्तै अपहरण मुद्दाका आरोपी सप्तरीको विष्णुपुर गाउँपालिका १ निवासी २५ वर्षिय सुरेन्द्र यादव पनि अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान भएका छन्।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS Money Transfer Made Easy
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*